apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: २७५ ● पृष्ठ: ४ ● ०३ कार्तिक २०८३ मंगलबार (20 October 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

**सूचना**

विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर**

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

## राजदेवी मन्दिरमा करिब १५ हजारभन्दा बढी बोका बलि दिइयो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक ०२ गते**

जनकपुरधामस्थित राजदेवी मन्दिरमा यस वर्ष १४ हजार ८९१ वटा बोका बलि दिएको छ।

बडादसैं पर्वअन्तर्गत महाअष्टमीको अवसरमा आइतबार रातिदेखि सोमबार बिहानसम्म १४ हजार ८९१ वटा बोका बलि दिएको हो। महावीर युवा कमिटी जनकपुरधामका अध्यक्ष दीपककुमार साहका अनुसार राजदेवी माताप्रति आस्था राख्ने श्रद्धालु भक्तजनले धार्मिक परम्पराअनुसार एवं भाकल गरेकाहरूले बोका बलि प्रदान गरेका हुन्।



बोका बलि दिने कामलाई व्यवस्थित बनाउन सो युवा कमिटीले मन्दिर परिसरमा चार स्थानमा बलि दिन सकिने व्यवस्था मिलाएको थियो। अघिल्लो वर्ष २०८२ सालको विजयादशमीमा १४ हजार ९०३ वटा बोका बलि प्रदान गरिएको थियो।

बोका बलि सुरु हुनुअघि राममन्दिरका पुजारी महन्तराम गिरिले निशा पूजा गरेका थिए। महाअष्टमीको रात राजदेवी मन्दिर माताको दर्शन तथा पूजाआजाका लागि भारतबाट पनि श्रद्धालुहरू आउने गरेको अध्यक्ष साहले जानकारी दिए।

मन्दिरमा दर्शनार्थीको चाप बढ्ने भएकाले भक्तजनलाई सहज रूपमा पूजाआजा र दर्शन गर्ने वातावरण मिलाउन आवश्यक तयारी गरिएको अध्यक्ष साहले बताए।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रूपेश खड्काले चाडपर्वका बेला हुने भीडभाड व्यवस्थापन तथा सुरक्षा अवस्थालाई लक्षित गरी विशेष सुरक्षा योजना लागू गरिएको जानकारी दिए।

उनका अनुसार चाडपर्वलाई ध्यानमा राखेर लामो दूरीका सवारीसाधनमा जाँच, नियमित गस्ती तथा बैङ्क एवं वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरी नियन्त्रणका लागि जिल्लाभर विशेष सुरक्षा कार्ययोजना लागू गरिएको छ।

यस वर्षको बडादसैंमा धनुषा जिल्लामा ७० वटा पिकेट, ४६ वटा पैदल गस्ती, सातवटा बजार अनुगमन टोली, सातवटा विशेष अपरेसन टोली, १५ वटा विपद् प्रतिकार्य टोली तथा १३ वटा गाडी र मोबाइल टोली परिचालन गरिएको प्रहरी प्रमुख खड्काले जानकारी दिए।

## गोलबजार गोलीकाण्ड: मृतकका परिवारलाई आर्थिक सहयोग



**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०२ गते**

सिरहाको गोलबजार- ४, क्याम्पस चोकमा १४ साउनमा प्रहरीको गोली लागेर मारिएका औरही गाउँपालिका-२, तुलसीपुर गाउँका करिब १७ वर्षीय गणेश यादवको परिवारलाई औरही गाउँपालिकाले १० लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको छ।

औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, उपाध्यक्ष रेणुकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृत देवशरण यादव, वडाध्यक्षहरू सुरेन्द्रप्रसाद यादव तथा रामअयोधी यादवसहितको टोलीले गणेशका परिवारलाई १० लाख रुपैयाँको चेक हस्तान्तरण गरेको हो।

'परिवारको भविष्यको रूपमा रहेका छोरा प्रहरीको गोली लागेर मृत्यु भइसकेकाले उनलाई फिर्ता ल्याउन सकिँदैन,' औरही- ४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवले भने, 'मजदुरी गरेर जीविका चलाउँदै आएका परिवारको आर्थिक उपार्जनका लागि आर्थिक सहयोग गरेका हौं।'

०८१ सालमा सहोदर दाजु कमलेशसँगै गाउँको जनता चेथरू जितन माविबाट एसइई उत्तीर्ण गरी

बाँकी पृष्ठ ४ ▸▸

## बाढीमा बेपत्ता भएकाहरुको विवरण बुझाउन आग्रह

**अपन दैनिक संवाददाता**
**पर्सा, कार्तिक ०२ गते**

परवानीपुर गाउँपालिकाले गत भदौ १० गते रसुवा-भोटेकोशी बाढीमा परी बेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण संकलन तथा प्रमाणीकरणका लागि सम्बन्धित परिवारलाई निवेदन पेस गर्न आग्रह गरेको छ।

बाढीमा बेपत्ता भएका व्यक्तिको आधिकारिक विवरण यकिन गरी अभिलेख प्रमाणीकरण गर्ने उद्देश्यले गाउँपालिकाले सूचना जारी गरी त्यसका लागि सम्बन्धित व्यक्तिका परिवारका सदस्यलाई आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिन आग्रह गरेको हो।

गाउँपालिकाले बेपत्ता व्यक्तिका एकाघर परिवारका सदस्यले सूचना प्रकाशित भएको मितिले पाँच दिनभित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गरेको हो।

बाँकी पृष्ठ २ ▸▸

## सिमरामा बहुला कुकुरको टोकाइबाट ११ जना घाइते

**अपन दैनिक संवाददाता**
**बारा, कार्तिक ०२ गते**

बाराको सिमरामा बहुला कुकुरको टोकाइबाट ११ जना घाइते भएका छन्। जीतपुरसिमरा उपमहानगरपालिका-२ स्थित जगदम्बा स्टिल पछाडिको बस्तीमा आतंक मच्चाउँदै आएको कुकुरलाई सोमबार साँझ नियन्त्रणमा लिइएको छ।



कुकुरले सोमबार बिहान मन्दिर जाँदै गरेकी मन्दिरा रिजालमाथि आक्रमण गरेको थियो। कुकुरको टोकाइबाट रिजालको मुखमा गम्भीर चोट लागेको छ भने ओठको भाग लुछिएको छ। उनलाई उपचारका लागि वीरगञ्ज लगिएकामा थप उपचारका लागि काठमाडौं पठाइएको वडाध्यक्ष धनबहादुर श्रेष्ठले जानकारी दिए।

वडाध्यक्ष श्रेष्ठका अनुसार कुकुरको टोकाइबाट घाइते भएकामध्ये दुई जनालाई उपचारका लागि काठमाडौं लगिएको छ भने सात जनालाई वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पताल पुर्याइएको छ।

कुकुरलाई नियन्त्रणमा लिन सोमबार बिहानदेखि प्रयास गरिएको भए पनि नगर प्रहरीको सहयोगमा सोमबार साँझ मात्रै नियन्त्रणमा लिन सकिएको श्रेष्ठले बताए।

बाँकी पृष्ठ ३ ▸▸

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं**

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड









अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# प्रधानन्यायाधीशको निजी जग्गाबाटै अवैध रूपमा माटो उत्खनन

## प्रधानन्यायाधीशबाटै अवैध काम हुन्छ भनेर प्रत्याउन सकिँदैन : उपप्रमुख

बहालवाला प्रधानन्यायाधीश मनोजकुमार शर्माको निजी जग्गाबाट अवैध रूपमा हजारौं टिपर माटो उत्खनन भएको भेटिएको छ।

साविक फत्तेपुर गाविस वडा नं ९ (ख) हाल जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ११ को कित्ता नं १४१, २५३ र २५४ को करिब ४ बिगाहा जग्गाबाट स्थानीय तहलाई बुझाउनुपर्ने राजस्व रकम दाखिला नगरी माटो उत्खनन भएको भेटिएको हो।



जीतपुर सिमराले आफ्नो आर्थिक ऐनमार्फत निजी जग्गाबाट व्यावसायिक प्रयोजनका लागि माटो उत्खनन गर्दा प्रतिघनफिट १ रुपैयाँ कर लगाएको छ।

तर, बहालवाला प्रधान्यायाधीश शर्माले उपमहानगरबाट अनुमति नै नलिई हजारौं टिपर माटो उठाएर विशेष आर्थिक क्षेत्र सेज (सिमरा सेज)मा बिक्री गरेका स्थानीयहरूले बताएका छन्। जीतपुरसिमरा-११ का स्थानीय जेनजी युवा रजनिश यादवले करिब २ महिनादेखि यसरी माटो उठाउने काम भइरहेको बताए।

'माटो उत्खनन गर्न सिफारिस लिएको छ/छैन हामीलाई त थाहा छैन, तर यहाँबाट दैनिक २०औं टिपर माटो सेजमा गइरहेको छ,' स्थानीय युवा यादवले भने, 'नगरपालिकाले कार्यविधि बनाएर माटो बेचबिखन गर्दा राजस्व बुझाउनुपर्छ भनेको छ तर २ महिनादेखि माटो उठाउँदा पालिका के हेरेर बसेको छ ?'

माटो उत्खननका लागि साउन १४ गते प्रधान्यायाधीश शर्माका बुवा मुकुन्द शर्माले वडा कार्यालयबाट सिफारिस बनाएको भने देखिन्छ। वडा कार्यलयले साविक फत्तेपुर गाविस वडा नं ९ (ख) को कित्ता नं १४१, २५३ र २५४ बाट उत्खनन सिफारिस दिएको छ। वडाध्यक्ष बिन्दालाल साहले कानुनी झन्झटबाट बच्न वडाबाट सिफारिस दिएका हुन्। तर, पालिकाबाट उत्खनन अनुमति भने लिएको वा राजस्व रकम दाखिला गरेका भने भेटिएको छैन।

साथै माटो उत्खनन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्यांकन अध्ययन पनि गरिएको पाइएको छैन।

**के भन्छ उपमहानगर ?**

जीतपुर-सिमरा उपमहानगरका सूचना अधिकारी (उपसचिव) उमेश वाग्लेले यस विषयमा वडा कार्यलयबाट लिखित रूपमा कुनै जानकारी नआएको बताए। 'वडा कार्यालयबाट लिखित रूपमा हामीलाई कुनै जानकारी प्राप्त भएको छैन। आधिकारिक पत्र नभएपछि राजस्व प्रकियामा जाने कुरै भएन,' वाग्लेले भने, 'साउनको १४ गते सिफारिस दिएको विषय असोज २९ गतेसम्म जानकारी नहुनु गम्भीर त्रुटिपूर्ण कार्य हो।'

करिब २ महिनादेखि आफ्नो पालिकाभित्र अवैध माटो उत्खनन भएको विषयमा नगरप्रमुख राजन पौडेल, उपप्रमुख भोलाप्रसाद अधिकारीलाई स्थानीयहरूले जानकारी गराएका थिए। तर, माटोमा राजस्व दाखिला गर्ने 'झन्झटिलो कानुनी प्रकिया' र प्रधानन्यायाधीशकै जग्गा भएकाले सबै मौन बसेका देखिन्छन्।

'हामी पनि फिल्डमा पुगेका छैनौं। जग्गाधनी को हो, कुन क्षेत्रबाट माटो उठिरहेको छ भन्ने थाहा छैन,' उपसचिव वाग्लेले भने, 'अध्ययन गरेर यसमा पालिकाले कानुनअनुसार कारबाही गर्छ।' अवैध माटो उत्खनन भइरहेको ३ वटा कित्तामध्ये कित्ता नं १४१ को १ बिगाहा, कित्ता नं २५३ को १ बिगाहा १४ कट्ठा र कित्ता नं २५४ को १ बिगाहा ७ कट्ठा क्षेत्रफल छ।

उक्त जग्गा यसअघि पूर्वप्रधान्यायाधीश दामोदर शर्माको नाममा कायम थियो। २०८३ असार १९ गते दामोदर शर्माले दाजु मुकुन्द शर्माको नाममा उक्त जग्गा बकसपत्र दिएको मालपोतको स्रेस्तामा उल्लेख छ।

अर्का स्थानीयबासी लालमहोमददिन मियाँले वडाध्यक्षकै मिलेमतोमा माटो उठिरहेको आरोप लगाएका छन्। 'यो त हाम्रो नगरपालिकाको लागि धेरै ठुलो घाटाको विषय भयो,' उनले भने, 'अब यसमा नगरपालिका र वडाध्यक्षले चासो राखेर बन्द गनुपर्ने हो।'

प्रधान्यायाधीश शर्माको जग्गाबाट माटो उठाउनुअघि कानुनी प्रकिया पूरा गरे/नगरेको विषयमा फिल्डमा पुग्दा वडाध्यक्ष बिन्दालाल साहले आफूलाई कुनै जानकारी नभएको दाबी गरेका थिए। उनले कुन कित्ताबाट, कसको जग्गाबाट माटो उठिरहेको छ भन्नेसमेत थाहा नभएको र आफूले सिफारिस पनि नदिएको एकोहोरो दाबी गरिरहे।

तर यस विषयमा तत्कालै वडासचिव प्रकाश रेग्मीसँग जानकारी लिँदा उनले मुकुन्द शर्माको नाममा ३ वटा कित्ताबाट माटो उठाउन २०८३ साउन १४ गते सिफारिस दिएको फाइल देखाएका थिए। जीतपुर सिमरामा पूर्वप्रधान्यायाधीश दामोदर शर्मा र उनका दाजु तथा प्रधान्यायाधीश मनोजप्रसाद शर्माका बुवा मुकुन्द शर्माको नाममा २०औं बिगाहा जग्गा छ।

जीतपुर सिमरा वडा नं ११ का निर्वतमान वडाध्यक्ष विनोद यादवले प्रधान्यायाधीश शर्माका बुवा मुकुन्द आफैले सिफारिस बनाएर अवैध रूपमा माटो उठाइरहेका आरोप लगाए। सोही वडाका अर्का स्थानीयबासी नन्दकिशोर साहले भने प्रधान्यायाधीशको जग्गाबाट सिफारिस बनाएर छेउको कित्ता नं ४२ को सार्वजनिक जग्गाबाट पनि माटो उठाइरहेको दाबी गरे। 'त्यहाँबाट करोडौ रुपैयाँको माटो बेचिसक्यो, वडाध्यक्ष मिलेको छ, केही थाहा दिँदैन,' स्थानीयबासी नन्दकिशोरले भने, '२ महिनादेखि दैनिक ५० टिपरको दरले गाउँको बाटो हुँदै माटो सेजमा गइरहेको छ।'

सिमरा सेज (वडा नं ४) मा उद्योगीहरूले संरचना निर्माण गरिरहेकोले त्यस क्षेत्रमा हजारौं टिपर माटो चाहिन्छ, जसका लागि यो अवैध काम भइरहेको हो। वडा नं ४ र वडा नं ११ सीमा जोडिएका छन्। ३ वर्षअघि पनि उपमहानगर वडा नं ११ मा २३ वर्षअघि मृत्यु भइसकेका हसिना खातुनको जग्गाको सिफारिस बनाएर सार्वजनिक जग्गाबाट ठुलो परिमाणमा माटो चोरी भएको थियो।

उक्त घटनामा संग्लनहरूलाई हालसम्म कुनै कारबाही भएको छैन।

**प्रधान्यायाधीशबाट गलत काम हुन्छ भनेर प्रत्याउन सकिँदैनः उपप्रमुख**

उपमहानगरका उपप्रमुख भोलाप्रसाद अधिकारीले प्रधान्याधिशबाट अवैध काम हुन्छ भन्नेमा विश्वास गर्न नसकिने बताएका छन्। उनले प्रधान्यायाधीशको जग्गाबाट अवैध रूपमा माटो उत्खनन गरेर बिक्री भएको विषयमा मौखिक जानकारी आए पनि लिखत कुनै कागज नआएको बताएका छन्।

'यस विषयमा गम्भीरतापूर्वक कसैले ध्यानाकर्षण गराउनुभएको छैन,' उपप्रमुख अधिकारीले भने, 'एउटा उच्च पदमा रहनुभएको व्यक्तिबाट नियमबाहिर गएर कुनै किसिमको गलत काम हुन्छ भन्ने म पत्याउन सक्दिनँ।'

गाउँका केही स्थानीयले अवैध रूपमा ठुलो परिमाणमा माटो निकासी भइरहेको छ भन्ने आफूहरूलाई सुनाएको उपप्रमुख अधिकारीले बताए। 'यस विषयमा पालिकाले कुनै कारवाही बढाएको छैन,' उनले थपे, 'राजस्व शाखाले राजस्व लिएर उठाउन दिनुभएको छ कि ? राजस्व नलिई आँखा चिम्लेर छोड्नुभएको हो ? केही जानकारी आएको छैन।'

**कानुन सबैले पालना गर्नुपर्छः प्रजिअ**

बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले माटो उत्खननका लागि पालना गर्नुपर्ने कानुनी प्रकिया सबैले पूरा गर्नुपर्ने बताएका छन्। उनले स्थानीय तहसँग अनुमति नलिएको र राजस्व दाखिला नगरेको हकमा पालिकाले नगरप्रहरी खटाएर टिपर जफत गर्नुपर्ने बताए।

'व्यक्तिको जग्गाबाट भए पनि अनुमति नलिई उत्खनन गरेको विषय कानुनविपरीत नै हो,' उनले भने, 'तपाईंले भनेपछि मलाई सूचना भयो, अब म तत्काल नगरप्रमुख र नेपाल प्रहरी पठाउँछु।'

# सम्पादकीय...

## स्नेह, सम्मान, सद्भावको पर्व

नेपाली समाजमा दसैं धार्मिक आस्था र सांस्कृतिक परम्परा दुवैको महत्त्वपूर्ण संगम बनेको देखिन्छ। सनातनी हिन्दुहरूले मात्र नभएर नेपालका अरू धर्मावलम्बीले पनि दसैं उत्तिकै हर्षोल्लासपूर्वक मनाउँछन्। यसैले दसैं नेपालीहरूको साझा राष्ट्रिय पर्व हो।

घटस्थापनामा जमरा राखेर विजयादशमीमा टीका र आशीर्वाद थाप्ने चलन फरक परक शैली र महत्त्वमा भए पनि दसैं मान्ने समुदायहरूमा प्रचलित छ। मूलतः यसले दसैंलाई सामाजिक सम्बन्ध, पारिवारिक एकता र ठूलाप्रतिको सम्मानको पर्व बनाएको हो।

यस वर्ष दसैंकै छेकमा भोटेकोसी र बुढीगण्डकीको बाढीले अकल्पनीय विध्वंस मच्चायो। यसले दसैंको उत्साह विशेषगरी बाढी प्रभावित क्षेत्रमा अपेक्षाकृत कम हुनु स्वाभाविकै हो। त्यसले सबै नेपालीको मन खल्लो भएको छ।

विपत्तिले धेरै परिवारको घर, खेतबारी र आजीविका बगाएको छ। कतिले आफन्त गुमाएका छन् भने कतिले विस्थापित भएर पाल वा अस्थायी बासमा दसैं कटाउनुपरेको छ। आँगनमा शोक र पीडा भएकाको लागि टीकाको रातो रङ फिक्का लाग्न सक्छ।

यसैगरी आर्थिक कठिनाइले कतिपय परिवारलाई चाड मनाउन समस्या परेको छ। यस वर्ष उत्सवको उमङ्गमा पीडितको दुःख र प्रभावित परिवारको अवस्थाप्रतिको संवेदना पनि मिसिएको देखिन्छ। यस्तो बेला दसैंको मर्मलाई नयाँ दृष्टिले हेर्नु जरुरी हुन्छ।

यो पर्व वैभव प्रदर्शनभन्दा सम्बन्ध जोगाउने र आपसी सद्भाव बलियो बनाउने अवसर हो। आफूसँग भएको थोरै पनि बाँडेर खाने, पीडितका घर पुगेर सान्त्वना दिने र छिमेकीको सुखदुःखमा साथ दिने व्यवहारले नै दसैंलाई अर्थपूर्ण बनाउँछ।

व्यक्तिगत र सामुदायिक सहयोगसँगै राज्यको दायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। प्रभावित परिवारलाई आश्वासन होइन तत्काल सहायता, सुरक्षित आवास र जीविकोपार्जनमा सहयोग चाहिएको छ। यसैले सहायता र पुनर्स्थापना दसैंपछिका लागि पन्छाउन मिल्दैन।

दसैं पारिवारिक पुनर्मिलनको पर्व पनि हो। परिवारबाट टाढा बसेकाहरू घर फर्किने चाड हो। रोजगारी र अध्ययनका सिलसिलामा देश विदेशमा छरिएका लाखौं नेपालीले यही बेला आफ्नो परिवार सम्झन्छन्।

तीमध्ये धेरै घर फर्किन सके होलान् भने कोही परिस्थितिका कारण टाढै रहन बाध्य छन्। उनीहरूका लागि प्रविधिमार्फत नै भए पनि साटिएको शुभकामना र आशीर्वादले दूरी केही घटाउन सक्छ। विदेशमा रहेका नेपालीले पनि गच्छेअनुसार विपत्तिपीडितलाई सहयोग गरेर दसैंलाई स्नेह र दायित्वको पर्व बनाउन सक्छन्।

विपत्ति आउँछ र जान्छ तर समाजले विपद्का बेला एकअर्कालाई कसरी सम्हाल्छ भन्नेले नै हाम्रो वास्तविक पहिचान बनाउँछ। त्यसैले यस वर्ष उत्सव मनाउँदा पनि बढी संवेदनशील बनौं।

आफन्तसँगको मिलन र आशीर्वादसँगै दुःखमा परेकालाई साथ दिने संकल्प पनि गरौं। विपत्तिमा परेका परिवारको पीडामा सहभागी हुनु र उनीहरूको जीवन सामान्य बनाउन सहयोग गर्नु नै यस वर्षको दसैंको वास्तविक मर्म हुनेछ।

देश विदेशमा रहेका सम्पूर्ण नेपालीमा सुख, शान्ति, सुस्वास्थ्य र पारिवारिक मिलनको हार्दिक शुभकामना।

## बाढीमा बेपत्ता भएकाहरूको विवरण ...........

निवेदनमा बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेरसँगै बाढीमा परेका अन्य व्यक्तिको विवरण, नाता प्रमाणित हुने कागजात तथा बाढीमा बेपत्ता भएको व्यहोरा खुल्ने स्वघोषणा समावेश गर्नुपर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण नन्दन रायले जानकारी दिए।

गाउँपालिकाका अनुसार बेपत्ता व्यक्तिका एकाघर परिवारका सदस्य नभएको अवस्थामा सम्बन्धित वडाध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा व्यक्ति बाढीमा बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित वडा कार्यालयमा निवेदन पेस गर्नुपर्ने छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष :** दिन राम्रो छ। आम्दानी हुनेछ। साथीभाइ दाहिना भएकाले मन खुशी रहने छ।

**बृष :** तपाईंको बोलीका कारण महत्त्वपूर्ण काम बन्नेछ। धार्मिक कार्यक्रममा सहभागी हुने अवसर मिल्ने छ।

**मिथुन :** सञ्चित धन खर्च हुनेछ। स्वास्थ्यमा सुधारका संकेत देखिने छन्। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।

**कर्कट :** धनलक्ष्मी योग परेको छ। साथीभाइको साथ मिल्ने भएकाले सोचेको काम गर्न अगाडि बढ्नु उचित हुनेछ।

**सिंह :** आफूले सोचेको काम नबन्ने जोखिम छ। कृषिजन्य उत्पादनको व्यापारबाट फाइदा हुनेछ।

**कन्या :** तपाईंले सोचेका काम पूरा हुनेछ। साथीभाइसँगको भेटले मन खुसी हुनेछ।

**तुला :** शिक्षाको क्षेत्रमा भने ढिलासुस्ती बढ्ने छ। परिवारको सल्लाह लिएर ठुलो कामको सुरुवात गर्नु उचित हुनेछ।

**वृश्चिक :** आज कार्य सफल हुनेछ। प्राविधिक शिक्षामा गरेको प्रयास सफल बन्नेछ। राज्यको तर्फबाट भने सेवाको अवसर मिल्ने छ।

**धनु :** शिक्षाको क्षेत्रमा जोस र जाँगर बढ्ने छ। परिवारको साथ र सहयोग प्राप्त हुनेछ। दाम्पत्य जीवन सुखमय बित्नेछ।

**मकर :** दाजुभाइसँकागे सहकार्यले मन शान्त बन्नेछ। मनमा रहेको अशान्ति हटाउन धार्मिक कार्यमा सहभागी हुनु उचित हुनेछ।

**कुम्भ :** दिन सामान्य छ। आज जोगिएर काम गर्नुपर्ने दिन छ। शिक्षामा गरेको श्रमको मूल्य पाउनु हुनेछ।

**मीन :** बोलीको प्रभावले काम बन्नेछ। गुम्न लागेको धन हात लाग्दा मन प्रशन्न हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# कोप–३१ मा नेपालको प्राथमिकता: जलवायु न्याय, अनुकूलन र हानि–नोक्सानी




**काठमाडौँ, कार्तिक २ गते।** नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) मा जलवायु न्याय, हिमाली क्षेत्रको संरक्षण, जलवायु अनुकूलन र जलवायुजन्य हानि-नोक्सानीका विषयलाई प्राथमिकताका साथ उठाउने भएको छ।

कोप-३१ यही कार्तिक २३ देखि आगामी मङ्सिर ४ गतेसम्म टर्किएको अन्ताल्यामा हुँदैछ। जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि त्यसको असरबाट मुलुकले भोग्नुपरेका जोखिम र क्षतिलाई अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्दै जलवायु न्यायका पक्षमा पैरवी गर्ने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा जोखिम बढ्दै गएको र पछिल्ला विपद्का घटनाले यस क्षेत्रको संवेदनशीलता उजागर गरेको मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले बताए। नेपालले हिमाली क्षेत्रको संरक्षण र जोखिममा रहेका समुदायले भोगिरहेको क्षतितर्फ अन्तरराष्ट्रिय समुदायको ध्यान केन्द्रित गराउने उनले बताए।

कोप-३१ मा नेपालको प्रतिनिधिमण्डललाई व्यवस्थित, प्रभावकारी र समावेशी बनाउने तयारी भइरहेको उनले जानकारी दिए। "प्रतिनिधिमण्डल व्यवस्थित, प्रभावकारी र समावेशी होस् भन्ने हाम्रो चाहना छ। सबै सरोकारवाला मन्त्रालयका प्रतिनिधि तथा नागरिक समाजलाई समेटेर प्रभावकारी प्रतिनिधिमण्डल बनाउने विषयमा छलफल भइरहेको छ," सचिव मिश्रले भने।

नेपालले परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा सम्मेलनमा सहभागिता जनाउने तयारी गरेको छ। वन तथा वातावरणमन्त्री गीता चौधरी पनि सम्मेलनमा सहभागी हुनेछिन्। नेपालले विगतदेखि नै कोप सम्मेलनमा हिमाली क्षेत्र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको विषय उठाउँदै आएको छ। पछिल्ला विपद्का घटनाले यस क्षेत्रको संवेदनशीलता र जोखिमलाई थप उजागर गरेको सचिव मिश्रले बताए।

"हिमाली क्षेत्र जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेको विषयलाई हामीले पहिलेदेखि उठाउँदै आएका छौँ। पछिल्ला विपद्का घटनाले यस क्षेत्रलाई फरक दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता पुष्टि गरेका छन्," उनले भने, "हिमाली क्षेत्रको जोखिम, जलवायु अनुकूलन, हानि तथा नोक्सानी र जलवायु न्यायका विषयलाई प्रभावकारी कार्यान्वयन संयन्त्रसँग जोड्नुपर्ने हाम्रो प्रयास छ।"

कोप-३१ को तयारीलाई अन्तिम रूप दिन सरकारले कार्तिक १२ गते विभिन्न विषयगत मन्त्रालय, नेपालस्थित विदेशी राजदूतावास, विकास साझेदार, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ।

उक्त सम्मेलनमा नेपालको राष्ट्रिय अवधारणापत्र (पोजिसन पेपर) र जलवायु परिवर्तनसम्बन्धी नीतिगत दस्तावेज सार्वजनिक गरिने मन्त्रालयका सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले जानकारी दिए। सहभागीबाट प्राप्त सुझाव र अन्तरराष्ट्रिय समुदायका धारणा समेटेर राष्ट्रिय अवधारणापत्रलाई अन्तिम रूप दिइने उनले बताए।
राष्ट्रिय अवधारणापत्रमा हिमाली क्षेत्रको संरक्षण, जलवायु अनुकूलन, कार्बन उत्सर्जन न्यूनीकरण तथा विश्व तापक्रम वृद्धिले हिमाली क्षेत्रमा पार्न सक्ने प्रभावका विषय समेटिने उनले जानकारी दिए।

"भोटेकोशी र बूढीगण्डकी क्षेत्रमा भएका विपद्का घटनाले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर र जलवायुजन्य विपद्को जोखिमबारे थप सचेत गराएका छन्," सहसचिव डा. ढकालले भने, "यसअघि मेलम्ची, थामे, मनाङ, मुस्ताङ, कञ्चनपुर र इलामलगायत क्षेत्रमा भएका विपद्का घटनाले पनि जलवायु परिवर्तनका चुनौती उजागर गरेका छन्।"

नेपालको जलवायु जोखिम र संरक्षणका प्रयास अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न सरकारी प्रतिनिधिमण्डलका अतिरिक्त नागरिक समाज, निजी क्षेत्र र सञ्चारमाध्यमलाई पनि समेट्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

यसका लागि टर्किए सरकारले सम्मेलनस्थलमा उपलब्ध गराएको स्थानमा नेपालले प्याभिलियन स्थापना गर्ने भएको छ। त्यहाँ भोटेकोशीलगायत क्षेत्रमा भएका विपद्का घटना, हिमाली क्षेत्रको संवेदनशीलता, जलवायु परिवर्तनका असर र नेपालले भोगिरहेका चुनौतीलाई अन्तरक्रिया, तस्बिर

बाँकी पृष्ठ ४ ▶▶

# पर्सामा एक महिनामा १०३ फरार प्रतिवादी पक्राउ

✍ **अपन दैनिक संवाददाता**
**पर्सा, कार्तिक ०२ गते**




अदालतबाट विभिन्न मुद्दामा दोषी ठहर भई कैद तथा जरिवाना भुक्तान नगरी फरार रहेका १०३ जना प्रतिवादीलाई पर्सा प्रहरीले एक महिनामा पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साले गत असोज महिनामा सञ्चालन गरेको फैसला कार्यान्वयन अभियानअन्तर्गत उनीहरूलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय पर्साको तथ्यांकअनुसार, पक्राउ परेका प्रतिवादीको हकमा कुल ४० वर्ष ११ महिना १२ दिन कैद सजाय र २ करोड ७१ लाख ७९ हजार १२ हजार ४ सय ४२ रुपैया जरिवाना कार्यान्वयन गर्नुपर्ने देखिएको छ। प्रहरीले अदालतबाट भएका फैसला कार्यान्वयनलाई प्राथमिकता दिँदै फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियान सञ्चालन गरेको जनाएको छ।

अदालतबाट फैसला भए पनि कैद सजाय भुक्तान नगरेका र जरिवाना नतिरेका प्रतिवादी लामो समयसम्म फरार रहँदा न्यायिक प्रक्रिया पूर्ण रूपमा कार्यान्वयन हुन नसक्ने भएकाले उनीहरूलाई पक्राउ गरी कानुनी प्रक्रियामा ल्याइएको प्रहरीले जनाएको छ। पक्राउ परेका प्रतिवादीको हकमा अदालतको फैसला र कानुनी व्यवस्थाअनुसार कैद तथा जरिवाना असुलउपर गर्ने प्रक्रिया अघि बढाइनेछ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रहरीले फरार प्रतिवादीको खोजी तथा पक्राउलाई प्राथमिकतामा

बाँकी पृष्ठ ४ ▶▶

## सिमरामा बहुला कुकुरको टोकाइबाट ११ जना ............

'यो कुकुरले जसलाई भेट्यो, सिधै मुखमा टोक्न आउने खालको रहेछ,' उनले भने।

उक्त कुकुरले केही दिनअघि सोही क्षेत्रमा तीन वर्षीया बालिका आयंका तामाङलाई टोकेर मुख र चिउँडोमा गम्भीर चोट पुऱ्याएको थियो।

बस्तीमा कुकुरको आतंक बढेपछि स्थानीयले सोमबार जनप्रतिनिधिलाई जानकारी गराएका थिए। नगर प्रहरी, जनप्रतिनिधि र स्थानीय युवाले कुकुरको खोजी गर्ने क्रममा थप सात जनालाई कुकुरले टोकेको वडाध्यक्ष श्रेष्ठले बताए।

एक सातादेखि बस्तीमा कुकुरको आतंक बढेपछि नगरप्रमुख राजन पौडेलले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन र सचेत रहन आग्रह गरेका थिए। उनले उक्त कुकुर देखेमा तत्काल सूचना दिन पनि अनुरोध गरेका थिए।













## कोप-३१ मा नेपालको प्राथमिकता ............

र भिडियोमार्फत प्रस्तुत गरिने सहसचिव डा. ढकालले बताए। प्याभिलियन स्थापनाका लागि आवश्यक खर्च जुटाउन मन्त्रालयले विकास साझेदार र गैरसरकारी संस्थासँग सहकार्य तथा सहयोगका लागि पहल गरिरहेको छ।

नेपालले यसअघि अतिकम विकसित मुलुकहरूको समूह, संयुक्त राष्ट्रसङ्घ र कोप सम्मेलनका विभिन्न मञ्चमा जलवायु न्यायको विषय उठाउँदै आएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको महासभामा व्यक्त गरेको जलवायु न्यायसम्बन्धी प्रतिबद्धता र परराष्ट्रमन्त्री शिशिर खनालले प्रि-कोपमा प्रस्तुत गरेका विषयलाई पनि आगामी सम्मेलनमा नेपालको प्राथमिकतासँग जोडिने मन्त्रालयले जनाएको छ।

जलवायु परिवर्तनका कारण उत्पन्न विपद्पछिको राहत र पुनःस्थापनाका लागि हानि तथा नोक्सानीसम्बन्धी कोषबाट नेपालले शीघ्र सहायता पाउने व्यवस्था गर्न अन्तरराष्ट्रिय स्तरमा वार्ता भइरहेको सहसचिव ढकालले बताए। कोप-३१ सम्ममा नेपालले प्रस्तुत गरेको दाबीका आधारमा उक्त कोषबाट सहायता उपलब्ध गराउने विषयमा घोषणा हुने अपेक्षा गरिएको उनले जानकारी दिए।

जलवायु परिवर्तनका असर न्यूनीकरण र विपद्बाट भएको क्षतिको पुनरुत्थानका लागि नेपालले अन्तरराष्ट्रिय जलवायु वित्तमा पहुँच विस्तार र कार्बन व्यापारलाई प्रभावकारी बनाउनुपर्ने जलवायुविज्ञ कुशल गुरुङले बताए।

नेपालले जलवायु वित्त परिचालन, हानिनोक्सानीको सम्बोधन र कार्बन व्यापारलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने उनको भनाइ छ। राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी ३.०) कार्यान्वयनका लागि आवश्यक स्रोत जुटाउनु मुख्य चुनौती रहेको उनले बताए।

जलवायु वित्तमा पहुँच विस्तार गर्दा ऋणको भार बढेर आर्थिक जोखिम सिर्जना हुन नदिन नेपालले अनुदान र सहुलियतपूर्ण वित्तीय स्रोत परिचालनमा जोड दिनुपर्ने विज्ञ गुरुङले बताए। भोटेकोशीलगायत क्षेत्रमा हालै भएका विपद्का घटनालाई वैज्ञानिक र प्रमाणमा आधारित ढङ्गले प्रस्तुत गरेर नेपालले भोगेको हानि तथा नोक्सानीका लागि अन्तरराष्ट्रिय सहयोग जुटाउनुपर्ने उनको भनाइ छ।

"हानिनोक्सानीसम्बन्धी कोषबाट विपद्पछिको राहत र पुनरुत्थानका लागि पर्याप्त सहयोग जुटाउनु चुनौतीपूर्ण छ। त्यसैले विपद्का बेला तत्काल परिचालन गर्न सकिने वित्तीय संयन्त्र र शीघ्र सहयोग उपलब्ध गराउने कोषको आवश्यकताबारे पनि नेपालले आवाज उठाउनुपर्छ," उनले भने।

जलवायु वित्त परिचालनको महत्वपूर्ण माध्यमका रूपमा रहेको कार्बन व्यापार विस्तार गर्न नेपालले विभिन्न मुलुकसँग द्विपक्षीय सहकार्य बढाउनुपर्ने उनले बताए। नेपालमा कार्बन व्यापारका सम्भावना, लगानीका अवसर, परियोजना सञ्चालनका क्षेत्र र आवश्यक कानुनी व्यवस्थाबारे अन्तरराष्ट्रिय साझेदारलाई स्पष्ट जानकारी दिन सके यस क्षेत्रमा लगानी तथा सहकार्य बढाउन सकिने उनको भनाइ छ।

# सिरहामा सामाजिक बहिष्कारको आरोप, १५ लाख नदिए मृतकको अन्तिम सँस्कारमा अवरोध



**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०२ गते**

सिरहाको नरहा गाउँपालिका-१, देवीपुरस्थित चमर टोलमा प्रेम सम्बन्धसँग जोडिएको तस्बिर सार्वजनिक भएपछि एक परिवारलाई सामाजिक बहिष्कार गरिएको र १५ लाख रुपैयाँ जरिवाना मागिएको आरोप लागेको छ।

पीडित पक्षका अनुसार, नरहा गाउँपालिका-१, देवीपुर निवासी राम भरोशी मोचीका भतिजा धर्मु महरा भनिने युवक गाउँमा पाहुना आएका बेला एक युवतीसँग प्रेम सम्बन्धमा परेका थिए। सोही क्रममा उनीहरू चुम्बन गरिरहेको तस्बिर सार्वजनिक भएपछि गाउँमा विवाद उत्पन्न भएको पीडित पक्षको भनाइ छ।

उक्त घटनापछि देवीपुरस्थित मोची टोलका रामवृक्ष मोची, रामधनी मोची, गोपिया मोचीसहित केही व्यक्तिले आफूहरूलाई सामाजिक गतिविधिबाट अलग्याएको पीडित पक्षले आरोप लगाएको छ। उनीहरूका अनुसार, गाउँमा आयोजना हुने भोजभतेरमा सहभागी हुन रोक लगाइएको, निम्तो काटिएको र मैथिली समुदायमा मृत्युपछि गरिने परम्परागत संस्कारसमेत गर्न अवरोध पुऱ्याइएको छ।

पीडित पक्षको दाबीअनुसार, केही व्यक्तिले पञ्चायती बसाएर १५ लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने सर्त राखेका छन्। उक्त रकम नतिरेसम्म भोजभतेरमा सहभागी हुन नदिने र सामाजिक रूपमा अलगयाउने धम्कीसमेत दिइएको उनीहरूको आरोप छ।

गत बुधबार गाउँनजिकैको खोलामा मैथिली परम्पराअनुसार पिण्डदान तथा मृत्युसंस्कारसम्बन्धी धार्मिक विधि गर्न गएको समयमा मोची टोलका केही व्यक्तिले गालीगलौज गर्दै उक्त स्थानमा संस्कार नगर्न दबाब दिएको र धम्कीसमेत दिएको पीडित पक्षले जनाएको छ।

व्यक्तिगत प्रेम सम्बन्धसँग जोडिएको घटनाका कारण धार्मिक तथा सांस्कृतिक संस्कार गर्न अवरोध गरिएको र सामाजिक गतिविधिमा सहभागी हुन रोक लगाइएको आरोपले गाउँमा सामाजिक सद्भाव तथा व्यक्तिको अधिकारसम्बन्धी प्रश्न उठाएको छ।

यस विषयमा नरहा गाउँपालिका-१, देवीपुरका वडाध्यक्ष अशोक महतोले आफूलाई घटनाबारे जानकारी नभएको बताएका छन्। यता, पीडित राम भरोशी मोचीले रामवृक्ष मोची, रामधनी मोची र गोपिया मोचीविरुद्ध प्रहरीमा ठाडो निवेदन दिएको जानकारी दिएका छन्।

## पर्सामा एक महिनामा ....

राखेको बताए। अदालतबाट दोषी ठहर भएका व्यक्तिले सजाय भुक्तान नगरी उन्मुक्ति पाउने अवस्था अन्त्य गर्न फैसला कार्यान्वयन अभियान महत्वपूर्ण हुने प्रहरीको भनाइ छ।

प्रहरीले फरार प्रतिवादीलाई पक्राउ गरी अदालतको फैसला कार्यान्वयन गराउने कार्यलाई निरन्तरता दिने जनाएको छ। कैद सजाय र जरिवानासम्बन्धी फैसला कार्यान्वयनले न्यायिक निर्णयको प्रभावकारिता बढाउनुका साथै कानुनको शासन कायम गर्न सहयोग पुग्ने डीएसपी मल्ल बताउँछन्।

## गोलबजार गोलीकाण्डः मृतकका परिवारलाई ............

गोलबजारमा १२ कक्षामा पढेका गणेश स्नातक तहको अध्ययन गर्दै थिए। दाजुसँग घर आएर १३ साउनको साँझ मात्र गोलबजार फर्किएका उनी १४ साउनको दिउँसो क्याम्पस चोकमा प्रहरीको गोली लागेर मारिएका थिए।

गणेशको मृत्युपछि भड्किएको आक्रोशमा आगजनी र तोडफोड भएको औरही- २, बनिनियास्थित मस्जिदको मर्मतसंभारका लागि पनि पालिकाले मौलवी (मस्जिदका पण्डित)सहित स्थानीय अगुवाहरूको उपस्थितिमा पाँच लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको उनले बताए।










